"गर्वले तिरौं कर , पारौं पथरी शनिश्चरे समुन्नत नगर ।"

# पथरी शनिश्चरे नगरपालिका
# Pathari Shanishchare Municipality
# नगर कार्यपालिकाको कार्यालय
# Office of the Municipal Executive

पत्र संख्या : २०८०/०८१
चलानी नं. :

पथरी , मोरङ , कोशी प्रदेश , नेपाल
Pathari, Morang, Koshi Province, Nepal

पथरी शनिश्चरे नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ कोशी प्रदेश

## खडा रुखहरु लिलाम बिक्रीसम्बन्धी सूचना ।

सूचना प्रकाशन मिति : २०८०/१०/२२ गते ।

प्रस्तुत विषयमा यस नगरपालिकाको नगर कार्यालयको कार्यालयको उत्तर पट्टी रहेको एक थान खडा सिसौको रुख र वडा नं. ५ , हसन्दह स्वास्थ्य चौकी परिसरमा खडा अवस्थामा रहेका १६ गोटा मसलाका रुखहरु हाल जे जस्तो अवस्थामा रहेका छन् सोहि अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्ने कार्यालयको मिति २०८०/१०/१९ गतेको निर्णय तथा वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका , २०७३ बमोजिम लिलाममा लिन ईच्छुक व्यक्ति , फर्म वा सप्लायर्सले देहाय बमोजिमको रकममा बढाबढ हुने गरी दररेट पेश गर्नुहुन सम्वन्धित सवैको लगि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.न | रुखको विवरण | न्यूनतम कबोल अंक (भ्याटवाहेक) | धरौटी रकम | दरभाउपत्र फारम दस्तुर | फारम खरिद गर्ने र पेश गर्ने अन्तिम मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | एक थान खडा सिसौको रुख | रु. ६५,५२२/- (अक्षरेपी रु. पैंसट्ठी हजार पाँच सय बाईस ) । | कबोल अंकको कम्तिमा ५(पाँच) प्रतिशतले हुन आउने रकम । | रु १,०००/- (अक्षरेपी रु एक हजार मात्र) । | खरिदको लागि सूचना प्रकाशन भएको २१ औं दिनको कार्यालय समयसम्म र पेश गर्ने २२ औं दिनको मध्याह्न १२:०० बजेसम्ममा । | |
| २ | १६ गोटा खडा मसलाका रुखहरु | रु. १,२७,५९७/- (अक्षरेपी रु. एक लाख सत्ताईस हजार पाँच सय सन्तानब्बे ) । | | | | |

• यस सम्बन्धी अन्य विस्तृत विवरणवारे कार्यालय समयमा सम्पर्क राखि जानकारी लिन सकिनेछ वा कार्यालयको वेबसाइट https://patharishanishcharemun.gov.np/ मार्फत हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

**पथरी शनिश्चरे नगरपालिका , नगर कार्यपालिकाका कार्यालयको मिति २०८०/१०/२२ गतेको खडा रुखहरु लिलाम बिक्रीसम्बन्धी सूचना अनुसार तोकिएका शर्त तथा बन्देजहरु देहाय रहेका छन् ।**

१. सिलबन्दि दरभाउपत्र फारम दस्तुर कार्यालयको राजश्व शाखामा जम्मा गरेको रसिद संलग्न राखी खरिद गर्न सकिनेछ।

२. सिलबन्दी दरभाउपत्रको साथ व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी , फर्म भए नवीकरण भएको व्यवसाय दर्ता , मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नुपर्नेछ । कबोल रकमको कम्तीमा ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खाता नं. २५६०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

३. कबोल गरेको रकम अंक र अक्षरमा दुवैमा प्रस्ट उल्लेख गर्नुपर्नेछ । कबोल गरेको रकमको अंक र अक्षर फरक परेमा अक्षरको कबोल रकमलाई मान्यता दिइनेछ । टिपेक्स प्रयोग गरेको वा केरमेट गरेको सिलबन्दी दरभाउपत्र फारम मान्य हुने छैन ।

४. सिलबन्दी दरभाउ पत्र सूचना प्रकाशन भएको मितिले २१औं दिनको कार्यालय समयभित्रमा कार्यालयबाट खरिद गरी २२औं दिनको मध्याह्न १२:०० बजे सम्ममा पेश गरी सक्नु पर्नेछ । साथै पेश हुन आएका सिलवन्दी दरभाउपत्र पेशकर्ता वा निजको प्रतिनिधीको उपस्थितिमा उक्त २२औं दिनको दिउँसो २:०० बजे खोलिनेछ ।यदि दरभाउपत्र पेशकर्ता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. बुंदा नं. ४ अनुसारका सिलबन्दी दरभाउ पत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिनलाई मान्यता दिइनेछ।

६. रीत नपुगी वा म्याद नाघी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

७. दरभाउपत्र पुरै वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिका कार्यालयमा रहनेछ ।

८. लिलाम बिक्रीमा लिने सामान हेर्न चाहेमा कार्यालयको तर्फबाट हेर्ने व्यवस्था मिलाइनेछ ।

९. दरभाउपत्र स्वीकृत भएपछी कबोल अंकमा लाग्ने मूल्य अभिवृद्धि करबापतको रकम आन्तरिक राजस्व कार्यालयमा बुझाएर कबोल अंकबापतको रकम एकमुष्ठ नगरपालिकामा जम्मा गरेपछी मात्र सामान उठाउन पाइनेछ ।साथै बिक्री स्वीकृत भएको रुख तोकिएको म्यादभित्र उठाइसक्नुपर्नेछ ।

१०. रुखहरु काट्ने मुछान गर्ने लोड गर्ने तथा ढुवानी गर्ने क्रममा अन्य कुनै व्यक्तिगत तथा सार्वजनिक सम्पत्तीमा क्षति नपुग्ने गरी सावधानी अपनाउनुपर्नेछ ।साथै काठ दाउरा ढुवानी लगायतका क्रममा कुनै प्रकृया अपनाउनुपर्ने भएमा खरिदकर्ताले स्वयंले नै आवश्यक प्रकृयाहरु पुर्याउनुपर्नेछ ।

११. अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

शौरा राई
प्रमुख प्रशासकीय अधिकृत